कृष्णनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या:: २०८२/०८३
चलानी नम्बर :

फोन नं. ०७६-५२०१४७
फ्याक्स नं. ०७६-५२०६८४

मिति:२०८३/०२/०४

सार्वजनिक सूचना ! सूचना !! सूचना !!!

विषयः फुसको छाना मुक्त/जस्ता पाता वितरण कार्यक्रमको आवेदन फारम सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कृष्णनगर नगरपालिकाबाट आ.व. २०८२/०८३ को संघीय सरकारबाट विनियोजित विशेष अनुदान (फुसको छाना मुक्त कार्यक्रम) को लागि यसै साथ संलग्न आवेदन फारम भरि आवश्यक कागजातहरु संलग्न गरि मिति २०८३/०२/१२ गते भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

**सम्पर्क व्यक्तिः**
विनय कुमार गुप्ता- इन्जिनियर
९८५७०४४९९९

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| दर्ता नं.: |
|---|
| मिति: |

# आवेदन फारम

फोटो

श्रीमान् कार्यालय प्रमुख ज्यू,
कृष्णनगर नगरपालिका
कपिलस्तु ।
मार्फतः वडा कार्यालय

**विषयः फुसको छाना विस्थापन कार्यक्रम सहभागी गराईदिनु हुन ।**

महोदय,

उपरोक्त सम्बन्धमा फुसको छाना विस्थापन कार्यक्रम अन्तर्गत तहाँ कृष्णनगर नगरपालिकाको जस्ताा वितरण सम्बन्धि कार्यविधि २०८० बमोजिम लक्षित वर्ग एवं लापग्राहीको छनोट आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरक्षण गरि मेरो घरपरिवारलाई जस्ता पाताको छानामुनी ल्याउने गरि, बसोबास व्यवस्था मिलाई दिनुहुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरि यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुठ ठहरे कानून बमोजिम सहुँला बुझौला ।

| क्र.सं. | तपसिल | कैफियत |
|---|---|---|
| १ | आवेदक वा घरमुलिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | छ ☐/छैन ☐ |
| २ | जग्गाधनीको प्रमाणको प्रतिलिपि वा विगत देखि त्यस स्थानमा आवास/स्थाई बसोबास गर्दै आएको सम्बन्धित वडा कार्यालयको सिफारिस/घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ३ | एकाघर भई छुट्टिएको घरधुरीले आवेदन फारम साथ अनिवार्य अंशवण्डा/छुट्टिएको प्रमाण/सिफारिस काजगात पेश गर्नु पर्ने । | छ ☐/छैन ☐ |
| ४ | घरमुली अति विपन्न/अशक्त/बृद्धबेद्धा/अनाथ बालबालिका/एकल महिला भए प्रमाण खुल्ने कागजात | छ ☐/छैन ☐ |
| ५ | अन्य कागजातमाः प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |

**आवेदनको**

दस्तखत : ..............................................
नाम/थर : ..............................................
बुवा/पतिको नाम : ..............................................
बाजे/ससुराको नाम : ..............................................
परिवार संख्या : ..............................................

(परिवार संख्या बमोजिमको नाम, उमेर र घरमुलीसंगको सम्बन्ध यसै निवेदनको पछाडी उल्लेख गर्ने ।

घर जग्गाको विवरण (एकाघरमा रहेको सबै परिवारको नाममा रहेको घर जग्गा)
घर संग जोडिएको जग्गाको क्षेत्रफल : ..................................
अन्यत्र जग्गा भए सोको क्षेत्रफल : ..................................

**हालको ठेगानाः**

जिल्ला : कपिलवस्तु
न.पा. : कृष्णनगर
वडा नम्बर : .............
गाउँ/टोल : ......................................
सम्पर्क फोन नं. : ......................................

| निवेदकको औठाको छाप | |
|---|---|
| | |

**नोटः**

(क) एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यलाई सगोल परिवार मानिनेछ। खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अको घरमा बसेकोलाई सगोलका परिवार मानिदैन । एउटा सगोलका परिवारले एउटा फारम मात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बञ्चित गरि कानूनी कारवाही गरिनेछ।

(ख) नेपाल सरकारबाट भूकम्प पुनःनिर्माण, प्रकोप व्यवस्थापन वा जोखिमबस्ती स्थानन्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन।

(ग) अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन् आएमा वा नेपाल सरकारबाट भुकम्प पुनः निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानन्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित व्यक्तिले झुठो विवरण पेश गरेमा वा सिफारिस हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बोजिम कारवाही हुने छ।